जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.जि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३२ अंक २७८ २०८० साल जेठ ३१ गते बुधबार (14 June 2023 Wednesday) मूल्य रु. ५/-

**हावाहुरीबाट बचौं र बचाऔं**

- घरको संरचना बलियो बनाऔं,
- हावाहुरी चल्न थालेपछि झ्यालढोका थुनौं,
- छानालाई राम्ररी हुक तथा तारले कसेर बाधौं,
- छतका गमला सुरक्षित रुपमा राखौं,
- जस्तापातालगायतका वस्तुहरु खुल्ला र जथाभावी नछोडौं,
- हावाहुरी चलेमा भागदौड नगरौं, बिस्तारै सुरक्षित स्थानमा जाऔं,
- सुरक्षित ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउँको छोपी घोप्टो परौं,
- हावाहुरी चलेको समयमा सवारी साधन रोकेर सुरक्षित स्थानमा बसौं।

हावाहुरीबाट हुने क्षति कम गर्न पूर्व तयारी एवं सतर्कता अपनाऔं।

**जनहीतका लागि**

**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : सगरमाथा आरोहण: ठूला विपद्‌विनै.. ३ पृष्ठमा : आठ वर्षे स्वास्थ्य योजना :.. ३ पृष्ठमा : रुसद्वारा नक्कली शत्रुको...

## बोक्सीको आरोपमा कुटिएकी कबिताले चार वर्षपछि पाइन न्याय

# कुटपिट गर्नेलाई १५ दिन कैद, १५ हजार क्षतिपूर्ती र १० हजार जरिवाना

**दैनिक समाचारदाता**
**राजविराज, ३० जेठ ।**

बोक्सीको आरोपमा कुटएकी राजविराज नगरपालिका वडा नं. ६ की एकल महिला ४० वर्षिया कबिता मिश्राले चार वर्षपछि न्याय पाएकी छिन् ।

बोक्सीको आरोपमा कबितालाई कुटपिट गर्ने छिमेकी रामकुमार यादवलाई सप्तरी जिल्ला अदालतले १५ दिन कैद, १५ हजार क्षतिपूर्ती र १० हजार रुँपैया जरिवानाको फैसला गरेको छ ।

जिल्लामा बोक्सीको आरोपमा कुटपिटका दोषिलाई कैद र जरिवाना भएको तीन वर्ष यताको यो पहिलो घटना हो ।

जिल्ला न्यायाधिश हेमन्त रावलको इजलाशले मंगलबार उक्त मुद्दामा अन्तिम सुनुवाई गर्दै रामकुमारलाई उक्त कैद र जरिवाना फैसला सुनाएको हो । यता कुटपिटमा सघाएको आरोप लागेका उनका परिवारका सदस्य



अदालतबाट सजाय पाएका रामकुमार यादव



बोक्सीको आरोपमा कुटएकी कबिता मिश्रा

रामअधिन यादव, पंचीदेवी यादव, उमेश यादव, राजेश यादव र रमेश यादवलाई भने अदालतले सफाई दिएको छ ।

श्रीमतीलाई बोक्सी लगाई मारेको आरोप लगाएर रामकुमार र उनका परिवारका सदस्यले २०७६ साल कात्तिक १३ गते कबिता र परिवारका अन्य सदस्यमाथी कुटपिट गरेको भन्दै आफन्तजन प्रहरी हुँदै अदालतसम्म पुगेका थिए । बचाउन जाँदा कबिताका आफन्तमाथी समेत कुटपिट भएको प्रहरी र अदालतमा प्रस्तुत गरिएको जोहरी निवेदनमा उल्लेख गरिएको थियो । टाउँको, डाढ, हात र पेटमा गहिरो चोट लागेको कबिता स्थानिय गजेन्द्र नारायण सिंह अस्पतालमा सात दिनको उपचारपछि घर फर्केकी थिइन् ।

कबिताका तर्फबाट सरकारी वकिल जिल्ला न्यायाधिवक्ता अरबिन्द मेहता, वरिष्ठ अधिवक्ता महेन्द्र कुमार चौधरी, नवराजकुमार क्षेत्री, अधिवक्ता देवबहादुर कटुवाल र शंकर कुमार मिश्रले बहस गरेका थिए । प्रतिवादीको तर्फबाट अधिवक्ता बालकिशोर यादव र कृष्णकुमार केसीले बहस गरेका थिए ।

अदालतको फैसलाबाट

***बाँकी अन्तिम पृष्ठमा***

# घर र गाइगोठ जलेर नष्ट

**दैनिक समाचारदाता**
**राजविराज, ३० जेठ ।**

सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिका वडा नं. १ कोसी व्यारेज नजिकै मंगलबार आगलागि हुँदा घर र गाइगोठ जलेर नष्ट भएको छ ।

स्थानिय लक्ष्मण कुमार मण्डलको गोठमा लामखुट्टे धपाउन बालेको घुरबाट अचानक सल्केको आगोले उनको गोठ र घर पुर्ण रुपमा जलेर नष्ट भएको प्रहरीले जनाएको छ ।

प्रहरीका अनुसार आगलागिमा घर र गाईगाठसहित धान, गहुलगायत अन्य मालसमान पुर्ण रुपमा जलेर नष्ट हुँदा दुई लाख मुल्य बराबरको क्षति भएको छ ।

स्थानिय, हनुमाननगर कंकालिनि नगरपालिका र कंचनरुप नगरपालिकाको दमकलको सहयोगमा आगो नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

# देशभर तापक्रम बढ्दै

काठमाडौं, ३० जेठ (रासस) ।

जल तथा मौसम विज्ञान विभाग मौसम पूर्वानुमान महाशाखाले देशका तराई भू-भागमा आगामी पाँच दिनसम्म तातो हावा (लू)को सम्भावना रहेकाले सोबाट बच्न आवश्यक सतर्कता अपनाउन अनुरोध गरेको छ ।

तातो दिन तथा लूसम्बन्धी विशेष बुलेटिन निकालेर महाशाखाले अबका पाँच दिनसम्म आवश्यक सतर्कता अपनाउन अनुरोध गरेको हो । "आगामी पाँच दिनसम्म देशभरको तापक्रमको अवस्था तथा विश्लेषणअनुसार तराईका धेरैजसो भू-भागमा अधिकतम र न्यूनतम तापक्रम क्रमिकरूपमा बढ्दै जाने देखिन्छ । तसर्थ, तराईका भू-भागमा तातो हावाबाट बच्न आवश्यक सतर्कता अपनाउन अनुरोध छ", बुलेटिनमा भनिएको छ ।

लू चल्नका लागि लगातार पाँच दिनसमम सामान्यभन्दा ४० डिग्रीभन्दा माथि तापत्रम बढेमा लू चलेको मानिन्छ । वर्षा नहुँदा सुक्खापन चलेकाले तापक्रम बढेर लू चलेको बताइएको छ । साथै पहाडी भू-भागका उपत्यका तथा खोंचहरूमा समेत तापक्रम क्रमिकरूपमा बढ्न सक्ने सम्भावना रहेकाले महाशाखाबाट जारी हुने सूचना तथा पूर्वानुमानमा अद्यावधिक रहन पनि महाशाखाले अनुरोध गरेको छ ।

महाशाखाका अनुसार विगत केही दिनदेखि देशका अधिकांश भू-भागको अधिकतम तथा न्यूनतम तापक्रम वृद्धि भइरहेको छ । काठमाडौं उपत्यकालगायत देशका अन्य उपत्यकामा समेत तापक्रममा क्रमिक वृद्धि भइरहेको र देशको तराई भू-भागमा, मुख्यतया: मध्यतराई र आसपासमा अधिकतम तापक्रत्र ४० डिग्री सेल्सियस वा सोभन्दा बढी मापन भएको छ ।

लूबाट हुने सम्भावित असर जस्तै: थकाई लाग्ने, कमजोरी हुने, बढी तिर्खा लाग्ने, टाउको दुख्ने, खुट्टा बाउँडिने, चक्कर आउने, बेहोस हुने, मांसपेसी दुख्ने, बान्ता आदि हुनसक्ने देखिएकाले सोबाट बच्न आग्रह गरिएको छ ।

लूबाट बच्न बढी गर्मीको समयमा घरभित्र अर्थात् चिसो स्थानमा रहने, बाहिरी वातावरणमा बढी नजाने ( घाममा हल्का लुगा लगाउने, सुती कपडा लगाउने, बाहिर निस्कँदा टाउको छोप्ने, टोपी लगाउने, नियमित पानी तथा झोल पदार्थ जुससर्वत आदि) प्रशस्त मात्रामा पिउने र स्वास्थ्यमा समस्या आएमा स्वास्थ्यकर्मीसँग नियमित सम्पर्कमा रही सल्लाह-सुझाव लिन पनि महाशाखाले सुझाएको छ ।

हाल देशमा पश्चिवी वायुको साथै भारतको बिहारमा रहेको न्यूनचापीय प्रणालीको आंशिक प्रभाव रहेको छ । अहिले कोशी, मधेस र बागमती प्रदेशलगायत देशका पहाडी भू-भागमा आंशिकदेखि सामान्य बदली रही कोशी तथा बागमती प्रदेशका केही स्थान साथै मधेस र गण्डकी प्रदेशका एक-दुई स्थानमा मेघगर्जन/चटयाङसहित हल्कादेखि मध्यम वर्षा भइरहेको छ ।

दिउँसो मधेस, बागमती र गण्डकी प्रदेशका केही स्थान तथा बाँकी प्रदेशका पहाडी भू-भागका एक-दुई स्थानमा थानमा मेघगर्जन/चटयाङसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको छ । मंगलबार काठमाडौंको न्यूनतम तापक्रम १८ दशमलव आठ डिग्री र अधिकतम तापक्रम २९ दशमलव पाँच डिग्री सेल्सियस रहेको छ ।

# स्थायी कर्मचारी दरबन्दी १५ दिनभित्र पठाउन मन्त्रालयको पत्राचार

काठमाडौं, ३० जेठ (रासस) ।

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले १५ दिनभित्र आफ्नो कार्यालयअन्तर्गत कार्यरत स्थायी कर्मचारीको दरबन्दी पठाउन सबै मन्त्रालय, आयोग र सचिवालयलाई पत्राचार गरेको छ ।

मन्त्रालयका उपसचिव कमानसिंह थापामगरद्वारा हस्ताक्षरित गरिएको उक्त पत्रमा राजपत्राङ्कित र रापअनङ्कित छुट्टाछुट्टै स्थायी कर्मचारीको दरबन्दी पठाउन पत्राचार गरिएको हो । सचिवस्तरीय निर्णयबाट मन्त्रालयले सबै मन्त्रालय, आयोग र सचिवालयहरूलाई पत्राचार गरेको हो ।

मन्त्रालयद्वारा गरिएको पत्राचारमा भनिएको छ, "मन्त्रालय, आयोग, सचिवालय र अन्तर्गतका कार्यालयमा कार्यरत सम्पूर्ण स्थायी कर्मचारीको प्रमाणित विवरण १५ दिनभित्र मन्त्रालयको सङ्घीय मामिला तथा प्रादेशिक कर्मचारी प्रशासन शाखामा उपलब्ध गराइदिनुहुन मन्त्रालयको सचिवस्तरीय निर्णयअनुसार अनुरोध छ ।"

कर्मचारीहरूको विवरण पठाउनका लागि ढाँचा समेत मन्त्रालयले पत्रसँगै पठाएको छ । त्यसमा कार्यरत कर्मचारीको नाम, कर्मचारी सङ्केत नम्बर, पद, सेवा-समूह-श्रेणी, सम्बन्धित कार्यालयमा सरुवा भएर आएको मिति, हालको कार्यालयमा कार्यरत अवधि, दरबन्दी-फाजिल, रिक्त सङ्ख्या र कैफियतसहितको विवरण ढाँचा पनि सामान्य प्रशासन मन्त्रालयले दिएको छ ।

सरकारले यही १५ जेठमा ल्याएको आगामी आर्थिक वर्षको बजेटमा दरबन्दी पुनरावलोकन गर्ने घोषणा गरेको छ । बजेटमा सबै सरकारी सेवा, नियामक निकाय र सार्वजनिक संस्थानमा आगामी आवमा नयाँ संरचना र दरबन्दी सिर्जना नगर्ने तथा सार्वजनिक प्रशासनको विद्यमान संरचना र दरबन्दीको पुनरावलोकन गरी छरितो बनाउने उल्लेख गरिएको छ ।

यसका लागि सम्बन्धित मन्त्रालय र निकायले आगामी मङ्सिर महिनाभित्र सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण (ओएन्डएम) गर्नुपर्ने व्यवस्था बजेटले गरेको छ । सरकारले चालु आर्थिक वर्षको बजेटमार्फत सङ्घमा १० प्रतिशत कर्मचारी कटौती गर्ने घोषणा गरे पनि त्यो भने कार्यान्वयन भएको छैन ।

**मेनरोडमा कोठा भाडामा चाहिए सम्पर्क गरौं**

राजविराजको मुख्य बजार क्षेत्र मेनरोड राजविराज-४ स्थित कामना सेवा विकास बैंकको माथिल्लो तल्लामा कोठाहरु खाली रहेकाले बैंक, वित्तिय संस्था, सहकारी संस्था, विमा कम्पनी तथा व्यवसायीक प्रयोजनका लागी आवश्यक परे सम्पर्क गर्नु होला ।

**सम्पर्क नम्बर : ९८४२८२१०८२/९८१९७२५०८२**

**आगलागी हुन नदिन चनाखो बनौं ।**

आगलागीबाट बच्न,

- खाना पकाई सकेपछि आगो, ग्याँस चुल्हो, स्टोभ वा हिटर निभाऔं।
- सिलिण्डरको रेगुलेटर, पाईप वा चुल्होबाट ग्यास लिक भए नभएको यकिन गरौं।
- ग्यासको गन्ध आए बेवास्ता नगरौं।
- सलाई, लाईटर बालबालिकाले भेट्टाउने ठाउँमा नराखौं।
- दाउरा बालेर खाना पकाईसकेपछि पानी छ्यापेर आगो निभाऔं।
- चुरोट, तमाखु, चिलिम, सुल्पा नखाऔं। खाएमा आगो राम्ररी निभाऔं।
- विजुलीका तार, प्लग, स्वीच वा वायरिङ् ठीक अवस्थामा भए नभएको जाँच गरौं।
- घरवस्ती नजिकै पोखरी, टयाङ्की वा अरु कुनै तरिकाले पानीको जोहो गरिराखौं।

आगलागीजन्य विपद्‌बाट बच्न चनाखो बनौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

# मानवलाई मानवकै दृष्टिमा हेर्ने प्रयास गरौं

नेपाल जस्तो विकासशील देशमा मात्र नभई विकसित मुलुकहरुमा समेत जात, धर्म, लिङ्ग, रंग भेद जस्ता भेदभावहरु कायमै रहेका छन् । विभिन्न खाले भेदभाव कायमै रहँदा मुलुकलाई सबैको साझा थलोका रुपमा विकास गर्न भने निकै गाह्रो रहेको छ । भेदभाव मानव सभ्यता माथिको कलंक हो ।

कहीं जातजातिका आधारमा कसैसँग भेदभाव गरिदैछ भने कहीं लिङ्गका आधारमा विभेद गरिदै छ । हाम्रो मुलुकको संविधानले कुनै पनि व्यक्तिसँग कुनै आधारमा विभेद गरिदैन भनेको छ । त्यसका आधारमा विभिन्न ऐन, कानून र नियमावलीहरु समेत निर्माण नभएका होइनन् । तर, अहिले पनि धार्मिक रुपमा, जातिय रुपमा, लैङ्गिक रुपमा आदि विभेदहरु कायमै रहेका छन् । यस्ता विभेद कानूनी रुपमै दण्डनीय भएपनि व्यवहारमा अहिले पनि यस्ता भेदभावका घटनाहरु हाम्रा सामु आई नै रहन्छन् । हाम्रो मुलुक विकासतर्फ लम्किरहेको मुलुक हो । देशमा भर्खर संघियताको अभ्यास हुन थालेको छ । गाउँगाउँमा सिंहदरबार पुगेको अवस्था छ । यस्तो अवस्थामा पनि विभिन्न खाले विभेद कायमै रहनु दुखद हो ।

जात, धर्म, लिङ्ग, वर्ण आदिका रुपमा विभेद अहिले पनि कायमै रहनु भनेको हाम्रो पछौटेपनाको द्योतक हो । हामी एक्काइसौं शताब्दीमा छौं, आफ्ना मनमस्तिष्कलाई रुढिवादिताबाट मुक्त गरौं र सबैसँग सहकार्य गर्दै मुलुक बनाऔं । तसर्थ मानवलाई मानवकै दृष्टिमा हेर्ने प्रयास गरौं ।

# सगरमाथा आरोहण: ठूला विपद्‌बिनै १७ जनाको मृत्यु

काठमाडौं, ३० जेठ (रासस) ।

सन् २०२३ को वसन्त ऋतुमा विश्वको सर्वोच्च शिखर सगरमाथा आरोहणमा जसरी सर्वाधिक आरोहणको इतिहास रचियो त्यसैगरी केही दुःखद् घटनाको पनि सामना गर्नुपर्‍यो । यस यामको सगरमाथा आरोहणमा ठूला विपद्‌बिना नै १७ जनाको मृत्युभयो । पर्यटन विभागका अनुसार मे २६ तारिखसम्म सगरमाथा आरोहणका क्रममा सात नेपाली र १० विदेशीसहित १७ जनाको मृत्यु भयो ।

नेपाल, भारत, चीन, मलेसिया, सिङ्गापुर, अष्ट्रेलिया, अमेरिका, क्यानाडा र हङ्गेरी गरी नौ देशका नागरिकको सगरमाथा आरोहणका क्रममा मृत्यु भएको हो ।

यस वर्षको सगरमाथा आरोहणमा प्रतिकूल मौसम अर्थात् बढी चिसो भएकाले पनि धेरै सङ्ख्यामा आरोहीको मृत्यु भएको २८ पटक सगरमाथाको आरोहण गरेर विश्वकीर्तिमान कायम गर्नुभएका कीर्तिमानी आरोही कामीरिता शेर्पाले बताउनुभयो । "यसपाली चिसो बढी थियो, मौसमले पनि साथ दिएन, कतिपय दक्ष र अनुभवी गाइड पर्याप्त नभएकाले पनि मृत्यु बढेको हुनसक्छ", उहाँले भन्नुभयो ।

विभागको पर्वतारोहण शाखाका निर्देशक युवराज खतिवडाका अनुसार प्रतिकूल मौसमका कारण यो वर्ष धेरै सङ्ख्यामा आरोहीको दुःखद् मृत्यु भएको छ । "यो पटक मौसमकै कारण धेरै आरोहीको मृत्यु भएको हो, मौसम सफा भयो भनेर आरोही अघि बढे बिचमा मौसम छिटोछिटो परिवर्तन भयो । यसपटक मौसम प्रतिकूलताका कारण नै धेरैको मृत्यु भएको छ", उहाँले भन्नुभयो ।

यस याममा आरोहीको सङ्ख्या बढी भएको भनी प्रचारमा आएको विषय सत्य नरहेको भन्दै निर्देशक खतिवडाले मौसमले साथ नदिएकाले आरोहीको भिड बढेको उल्लेख गर्नुभयो । उहाँले भन्नुभयो,"विदेशी सञ्चार माध्यमले आलोचना गरिरहेका छन् धेरै आरोहीलाई अनुमति दिइयो भनेर तर हामी (पर्यटन विभाग) त्यसलाई स्वीकार गर्दैनौं ।"

निर्देशक खतिवडाले ३० दिनका लागि कूल चार सय ७८ आरोहीलाई आरोहण अनुमति दिइएको र औसतमा दैनिक १६ जनाको आरोहण हुने अनुमानसहित आरोहण अनुमति दिइएकाले आरोहीको सङ्ख्या बढी भनेर आलोचना गर्नुको तुक नरहेको बताउनुभयो । चुचुरोसम्म बाटो बनाउने आइसफल डाक्टर पनि अनुकूल मौसमको पर्खाइमा आधार शिविरमा छन् । मौसमले साथ दिएमा छिट्टै उनीहरूले सगरमाथाको चुचुरोसम्म डोरी टाँगेर आरोहण सुरु भएको सन्देश दिने इमाजिन नेपालका कार्यकारी निर्देशक दावा ग्याल्जेन शेर्पाले राससलाई जानकारी दिनुभयो ।

धेरै सङ्ख्यामा आरोहीलाई अनुमति दिइएकाले सगरमाथामा मृत्यु पनि बढेको र आरोहीको जाम लागेको भन्ने विदेशी सञ्चारमाध्यमका कुरा सत्य नभएको बरु प्रतिकुल मौमसका कारण केही दिन आरोहीहरूले एकै समयमा बढी भिडभाड गरेकाले धेरै सङ्ख्यामा मानवीय क्षति भएको नेपाल पर्वतारोहण सङ्घका पूर्वअध्यक्ष आङछिरिङ शेर्पाको भनाइ थियो ।

"यस यामको सगरमाथा आरोहणमा मौसमका कारणले धेरै मृत्युदर बढेको देखिन्छ । कुनै आकस्मिक र ठूलो विपद् त हैन मौसमकै कारणले धेरै मानवीय क्षति भयो ।" विभागका अनुसार सामान्यतयः अप्रिल अन्तिमसम्म 'रोप फिक्सिङ'को काम सकिन्छ । मे महिनाभरी आरोहण चल्छ । यो सङ्ख्या सगरमाथामा भएका ठूला विपद्‌पछिको सबैभन्दा धेरै हो । यसअघि सन् २०१५ (विस २०७२ बैशाख १२ गते) आएको गोरखा महाभूकम्पका कारण १९ जनाको मृत्यु भएको थियो ।

त्यसअघि सन् २०१४ मा खुम्बु आइसफलमा गएको हिमपहिरोमा परी १६ जनाको मृत्यु भएको थियो । मौसम प्रतिकूलताका साथै हाईअल्टिच्यूटका कारण पनि यो वर्ष धेरै आरोहीको मृत्यु भएको इमाजिन नेपालका कार्यकारी निर्देशक दावा ग्याल्जेन शेर्पाले बताउनुभयो ।

**कुन मितिमा कुन-कुन देशका आरोहीको मृत्यु**

सगरमाथा आरोहणको बाटो खुलाउने क्रममा : अप्रिल १२ तारिखका दिन खुम्बु क्षेत्रमा तीन शेर्पा बेपत्ता भएका थिए । पर्यटन विभागका अनुसार खुम्बु पासाङल्हामु गाउँपालिका-५ निवासी दाछिरी शेर्पा, पेम्बा तेन्जिङ शेर्पा र लाक्पा रीता शेर्पा हिउँको ढिस्कोले पुरिएर बेपत्ता भएका हुन् । उनीहरू इमाजिन नेपाल ट्रेक्सबाट खटिएका थिए । सगरमाथाको चुचुरोसम्म डोरी टाँग्ने (रोप फिक्सिङ) को सामान लैजानेक्रममा उनीहरू हिउँको ढिस्कोमा बेपत्ता भएका थिए ।

सन् २०२३ को वसन्त ऋतुमा सगरमाथा हिमालको दोस्रो शिविरदेखि चुचुरोसम्म 'रोप फिक्सिङ' गर्न पर्यटन विभागबाट पर्वतारोहण सञ्चालक सङ्घलाई जिम्मेवारी दिइएको थियो । सो कामको जिम्मा पाएको इमाजिन नेपाल ट्रेक प्रालिका तर्फबाट दावा ग्याल्जे शेर्पाको नेतृत्वमा एक फोटोग्राफरसहित नौ शेर्पाले 'रोप फिक्सिङ' गरेका थिए ।

मृतकमध्ये तीन नेपाली र तीन विदेशीसहित छ जनाको सगरमाथा आरोहपछि मृत्यु भएको थियो भने बाँकी ११ जनाको आरोहणका क्रममा मृत्यु भएको थियो । ह्याप्पी फिट कम्पनीबाट आरोहणमा जानुभएका नेपाली आरोही रञ्जित कुमार झाको २५ तारिखका दिन मृत्यु भएको थियो । एक्सिपीडिसन हिमालयबाट जानुभएका लाक्पा नोर्बु शेर्पाको पनि सोही दिन मृत्यु भएको थियो ।

त्यस्तै पिक प्रमोसन कम्पनीबाट आरोहणमा जानुभएका फुर्बा शेर्पाको मे १६ तारिखका दिन मृत्यु भएको थियो । त्यसैगरी विदेशी नागरिक क्रमशः मलेसियाका एज आकासान्दर विन अम्पुअन याक्कुवको मे १९ मा, सोही दिन सिङ्गापुरका श्रीनिवास सान्स दत्त र अष्ट्रेलियाका जासोन्ब बर्नाड लेलिन्सोनको मे १९मा मृत्यु भएको थियो । उहाँहरू क्रमशः पायोनियर एक्सिपीडिसन सेभेन समिट ट्रेक्स र एसियन ट्रेकबाट आरोहणमा जानुभएको थियो ।

त्यस्तै भारतका सुबान्ने लियोपोल्डिएनोको मे १८मा लुक्लामा मृत्यु भएको थियो । उहाँ ग्लेसियर ट्रेकिङ कम्पनीबाट आरोहणमा जानुभएको थियो । त्यस्तै एटके एक्सिपीडिसनबाट आरोहाणमा जानुभएका चिनियाँ नागरिक जुएविन चेनको मे १८ मा सगरमाथाको साउथ समिटमा मृत्यु भएको थियो । त्यसैगरी मे १मा सगरमाथाको दोस्रो शिविरमा अमेरिकी नागरिक जोन थान सुगरम्यानको मृत्यु भएको थियो । उहाँ इमेज कम्पनीबाट आरोहणमा जानुभएको थियो ।

अप्रिल १२ का दिन इमाजिन नेपालबाट जानुभएका लाक्पा रीता शेर्पाको खुम्बु आइसफलमा मृत्यु भएको थियो । मे २१ तारिखमा पिक प्रमोसन कम्पनीबाट आरोहणमा जानुभएका आङकामी शेपाको सगरमाथाको दोस्रो शिविरमा मृत्यु भएको थियो । क्यानेडियन नागरिक एस पेटरुस अल्वर्टयनको मे २५मा सगरमाथाको तेस्रो शिविरमाथि मृत्यु भएको थियो । उहाँ हिमालयन गाईड कम्पनीबाट आरोहणमा जानुभएको थियो । सेभेन समिट ट्रेक्सबाट जानुभएका हङ्गेरीका स्जीलार्ड सुहाजडाको हिलारी स्टेपमा मे २४मा मृत्यु भएको थियो ।

यस यामको सगरमाथा आरोहण गत वैशाख ३० गते देखि सुरु भएको थियो । झण्डै जेठको तेस्रो सातासम्म आरोहण भएको थियो । सगरमाथाको दोस्रो शिविरसम्म सगरमाथा प्रदूषण नियन्त्रण समिति (एसपिसिसी)ले बाटो बनाएको थियो । सङ्घका पूर्वअध्यक्ष शेर्पाका अनुसार सन् २०१४ को हिमपहिरो र सन् २०१५ को महाभूकम्पछि यसवर्ष सबैभन्दा धेरै आरोहीको मृत्यु भएको हो ।

यकिन तथ्याङ्क नभए पनि सन् १९५३ देखि हालसम्म तीन सय २८ जनाको मृत्यु भएको बताइन्छ । हालसम्म झण्डै आठ हजारले सगरमाथा आरोहण गरिसकेका छन् । व्यक्तिगतरूपमा मात्रै एघार हजार हाराहारी आरोहीले सगरमाथा चढेको उहाँले जानकारी दिनुभयो ।

यो याममा सगरमाथाको चौँथो शिवविरसम्म बाटो खोलिसकेपछि उच्च हिमाली क्षेत्रमा लामो समयसम्म चलेको चर्को हावा र खराब मौसमका कारण सगरमाथाको चुचुरोसम्म 'रोप फिक्सिङ' गरी बाटो खोल्ने काममा केही ढिला भएको विभागले जनाएको छ । मौसम बिग्रिएकाले झण्डै दुईसाता ढिलोगरी आरोहण सुरु भएको थियो । सगरमाथा क्षेत्रमा प्रतिघण्टा ३५ देखि ४० किलोमिटर हावाको बेग चलेकाले आरोहणमा कठिनाइ भएको थियो ।

सगरमाथा आरोहणको ७० वर्षे इतिहासमा यस वर्ष हालसम्मकै सर्वाधिक बढी आरोहीले अनुमति लिएका थिए । पर्यटन विभागका अनुसार यस याममा ४७ आरोही समूहका चार सय ७८ आरोहीले आरोहण अनुमति लिएकामा शेर्पा सहयोगीसहित ६०० हाराहारीले सगरमाथा आरोहण गरेका थिए । नेपालसहित ६५ देशका नागरिकले अनुमति लिएका थिए ।

सन् १९५३ मे २९ तारिखका दिन दुई साहसी पर्वतारोही नेपाली तेन्जिङ नोर्गे शेर्पा र न्यूजिल्याण्डका सर एड्मन्ड हिलारी सगरमाथाको चुचुरोमा पुग्नुभएको थियो । सगरमाथा चढ्ने होडबाजीका साथै आरोहीहरूले नयाँ-नयाँ कीर्तिमानसमेत थप्दै आएका छन् । कामीरिता शेर्पाले २८ पटक सगरमाथा आरोहण गरी विश्व कीर्तिमान बनाउनुभएको छ । उहाँले वसन्त ऋतुको आरोहणमा सगरमाथाको दुई पटक क्रमशः जेठ ३ गते र जेठ ९ गते सगरमाथाको चुचुरोमा पुगेर आफ्नै कीर्तिमान तोड्नुभएको थियो ।

यस्तै पासाङ दावा शेर्पाले यही यामसम्ममा सगरमाथाको २७ पटक आरोहण गरी कीर्तिमान कायम गर्नुभएको छ । उहाँले यही याममा दुई पटक आरोहण गरी नयाँ रेकर्ड दर्ता गराउनुभएको हो । दुबै खुट्टा नभएका पूर्वब्रिटिस गोर्खा सैनिक हरि बुढामगरले यसै याममा सगरमाथाको सफल आरोहण गरेर विश्व कीर्तिमान बनाउनुभएको छ । गत जेठ ५ गते सगरमाथाको चुचुरोमा पुगेर बुढामगरले कीर्तिमान बनाउनुभएको हो ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. यमेश यादव
Dr. Yamesh Yadav
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
जेनरल सर्जन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क :
कृताञ्जली मेडिकल हँल
राजविराज
Mo. No : 9842830252, 9804605569

# आठ वर्षे स्वास्थ्य योजना : निःशुल्क स्वास्थ्य सेवा

काठमाडौं, ३० जेठ (रासस) ।

सरकारले स्वास्थ्य सेवाबाट निःशुल्क आधारभूत स्वास्थ्य सेवा सुनिश्चित गर्ने भएको छ । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले सार्वजनिक गरेको आठवर्षे 'नेपाल स्वास्थ्य क्षेत्र रणनीतिक योजना (२०७९/८०-२०८७/८८)' ले प्रत्येक नागरिकको स्वास्थ्य अवस्था सुधार ल्याउनका लागि सङ्घ, प्रदेश र स्थानीय तहमा रहेका स्वास्थ्य संस्थाबाट निःशुल्क आधारभूत स्वास्थ्य सेवा प्रवाहको सुनिश्चित गर्ने उल्लेख गरिएको छ । त्यसका लागि सङ्घ र प्रदेश सरकारले स्थानीय तहलाई स्रोत सुनिश्चितता र प्राविधिक सहयोग गर्ने रणनीति लागू गरेको छ ।

मन्त्रालयका नीति तथा योजना महाशाखाका प्रमुख डा कृष्णप्रसाद पौडेलले भर्खरै मात्रै मन्त्रिपरिषद्ले स्वीकृत गरेको रणनीतिक योजनाले स्वास्थ्य क्षेत्रमा परिवर्तन ल्याउने बताउनुभयो । उहाँले दिगो विकास लक्ष्य प्राप्त गर्न मार्गचित्रका रूपमा रणनीतिक योजना रहेकाले चाँडै नै कार्यान्वयन गर्ने बताउनुभयो । "दिगो विकास लक्ष्य हासिल गर्न रणनीतिक योजना महत्त्वपूर्ण हुन्छ", उहाँले भन्नुभयो, "यसलाई तीन तहमा कार्यान्वयन गरेर दिगो लक्ष्य प्राप्त गर्नेछौं ।"

रणनीतिक योजनामा प्रत्येक नागरिकलाई उच्चतम गुणस्तरको स्वास्थ्य सेवा लिन सक्ने वातावरण सिर्जना गर्न र सङ्घ, प्रदेश र स्थानीय तहमा स्वास्थ्य प्रणालीलाई सुदृढ गर्दै स्वास्थ्यमा सामाजिक सुरक्षाका लागि बहुक्षेत्रीय अवधारणा र नागरिकको भूमिकालाई थप महत्त्व दिइएको छ ।

यसैगरी, रणनीतिक योजनमा तीनै तहका स्वास्थ्य संस्थामा स्तरीयता कायम गर्दै जनसङ्ख्या र भौगोलिक अवस्थितिका आधारमा स्वास्थ्य संस्थाहरूको स्थापना, स्तरोन्नति र स्थानान्तरण गर्ने पद्धति लागू गर्ने, स्वास्थ्यजन्य उपकरण र अन्य सामग्रीको मर्मतसम्भारका लागि सङ्घ र प्रादेशिक तहमा उपकरण चेकजाँच स्थल सञ्चालन गर्ने, औषधि, निदानात्मक सामग्री र उपकरणको प्राविधिक स्पेसिफिकेसन अद्यावधिक गर्दै सोको सबै तहमा प्रयोग गरी एकरूपता र गुणस्तरीयता सुनिश्चित गर्ने उल्लेख गरिएको छ ।

यसैगरी, अत्यावश्यक औषधि, निदानात्मक र स्वास्थ्यजन्य सामग्री स्वदेशमै उत्पादन प्रवर्द्धन र विस्तार गर्ने, सबै तहमा खोप औषधि र औषधिजन्य सामग्रीको मापदण्डबमोजिम गुणस्तरीय भण्डारण र कोल्ड चेनको क्षमता विस्तार गर्ने, सबै तहमा औषधि र औषधिजन्य सामग्रीको नियमित बफर स्टक कायम गर्नाका साथै उचित भण्डारण र वितरणको अभ्यास गर्ने रणनीतिक योजनामा उल्लेख गरिएको छ ।

यस्तै, स्वास्थ्य समस्याको निदान र उपचारका लागि क्रमिकरूपमा कृत्रिम विद्वतासमेतको अवलम्बन गर्ने उल्लेख गरिएको छ । यसैगरी, रणनीतिक योजनामा स्वास्थ्यमा व्यक्तिको लगानी वृद्धि गरिने उल्लेख गरिएको छ । योजनाले स्वास्थ्य लगानी ८७ अमेरिकी डलर पुऱ्याउने लक्ष्य राखिएको छ । "कम आय हुने हाम्रोजस्तो मुलुकमा स्वास्थ्यमा अपेक्षित प्रतिफल प्राप्त गर्नका लागि सरकारी लगानी प्रतिव्यक्ति ८६ अमेरिकी डलर आवश्यक पर्ने तथ्याङ्कले देखाएको छ । तर नेपालमा हाल सरकारी लगानी प्रतिव्यक्ति १७.३ अमेरिकी डलरमात्र रहेको छ", रणनीतिक योजनामा उल्लेख गरिएको छ ।

यसैगरी, सहरी र ग्रामीण क्षेत्रमा सेवाको पहुँचबाहिर रहेका बस्ती तथा समुदाय पहिचान गरी लक्षित वर्गको आवश्यकताअनुरूप स्वास्थ्य सेवा प्रवाह गर्ने, गाउँघर क्लिनिक सामुदायिक स्वास्थ्यकर्मी, महिला स्वास्थ्य स्वयंसेविका, स्वास्थ्य आमा समूह जस्ता विद्यमान सामुदायिक स्वास्थ्य प्रणालीलाई थप क्रियाशील बनाउँदै विशेष परिस्थितिमा घरैमा स्वास्थ्य सेवाको अवधारणा अवलम्बन गर्ने, सहरी र ग्रामीण क्षेत्रमा सेवाको पहुँचबाहिर परेकामा बस्ती तथा समुदाय पहिचान गरी लक्षित वर्गको आवश्यकताअनुरूप स्वास्थ्य सेवा प्रवाह गर्ने उल्लेख गरिएको छ ।

यसैगरी, प्रयोगशाला र रेडियोलोजी जस्ता निदानात्मक सेवामा स्वदेशी क्षमता अभिवृद्धि गर्ने, विशेषज्ञ तथा विशिष्टीकृत मेडिकल तथा सर्जिकल सेवाको विस्तार गर्ने, कोही पछाडि नछूटुन् भन्ने अवधारणालाई आत्मसात गर्दै सेवाको पहुँच नपुगेका समुदाय लक्षित विशेष कार्यक्रम कार्यान्वयन सञ्चालन गरिने रणनीतिक योजनामा उल्लेख छ ।

# स्वास्थ्य बीमा कार्यक्रम प्रभावकारी भएन

सरकारले नागरिकलाई सहज स्वास्थ्य सेवाको पहुँच पुर्‍याउने उद्देश्यले २०७२ सालमा सामाजिक स्वास्थ्य सुरक्षा कार्यक्रम अन्तर्गत स्वास्थ्य बीमा कार्यक्रम सुरु गरेको स्वास्थ्य विमा कार्यक्रम प्रभावकारी बन्न सकेको छैन । नेपालमा स्वास्थ्य बिमा लागू भएको ८ वर्ष भएको छ । तर अपेक्षाकृत रुपमा स्वास्थ्य विमा कार्यक्रम प्रभावकारी हुन नसकेको हो ।

सरकारले स्वास्थ्य बिमालाई प्राथमिकतामा राखेर काम गर्न नसक्नु नै यसको प्रमुख कारण रहेको देखिन्छ । सरकारले नागरिकलाई सहज स्वास्थ्य सेवाको पहुँच पुर्‍याउने उद्देश्यले २०७२ सालमा सामाजिक स्वास्थ्य सुरक्षा कार्यक्रम अन्तर्गत स्वास्थ्य बीमा कार्यक्रम सुरु गरेको थियो । सरकारले ७७ जिल्लामा यो कार्यक्रम विस्तार गरेपछि अहिलेसम्म ६४ लाख ५४ हजार ७ सय ७२ नागरिकले स्वास्थ्य विमा गराइसकेको स्वास्थ्य बिमा बोर्डले जनाएको छ । नेपालमा स्वास्थ्य बिमा लागू भएको ८ वर्ष भएको छ । तर अपेक्षाकृत रुपमा स्वास्थ्य बिमा कार्यक्रम प्रभावकारी हुन सकेको छैन । सरकारले स्वास्थ्य बिमालाई प्राथमिकतामा राखेर काम गर्न नसक्नु नै यसको प्रमुख कारण रहेको देखिन्छ । बीमाका लाभग्राहीको तथ्याङ्क बढिरहेको भएपनि बीमा गरेकाहरुले उपचारमा सहज सुविधा नपाएको गुनासो उत्तिकै बढ्दो छ । स्वास्थ्य तथा जनसंख्यामन्त्री मोहनबहादुर बस्नेतले स्वास्थ्य बीमा प्रभावकारी बन्न नसकेको बताएका छन् । उनले स्वास्थ्य बीमा व्यवस्थित गर्न नीतिगत रुपमा नै सुधारको आवश्यकता देखिएको बताएका हुन् । साथै उनले स्वास्थ्य बीमा सरकारी अस्पताललेमात्रै पाउने की निजीले पनि पाउने भन्ने लडाईं चलिरहेको बताउदै निजी अस्पतालहरुले स्वास्थ्य बीमा आफूले नपाउने भए अस्पताल नै बन्द गर्ने चेतावनी दिएको समेत बताए । उनले निजी क्षेत्रहरुले पनि स्वास्थ्य मापदण्डहरु पूरा नगरेको भन्दै सधैंका लागि बन्द गरिदिने चेतावनी दिएपछि निजी क्षेत्र शान्त भएको बताए । मन्त्री बस्नेतले स्वास्थ्य बीमा प्रभावकारी बनाउन आफूले स्वास्थ्य र बीमा दुवै बुझ्केको व्यक्ति खोजेपनि पाउन नसकेको बताए ।

मन्त्री बस्नेतले स्वास्थ्य बीमाका लागि कार्ययोजना बनाइ अघि बढीरहेको पनि दाबी गरे । यता सरकारी स्वामित्वमा रहेको पहिलो विमा संस्थान राष्ट्रिय विमा संस्थानका सहायक प्रसाशक कृष्ण कुमार श्रेष्ठले भने स्वास्थ्य विमा कार्यक्रम स्वास्थ्य बोर्डको साटो राष्ट्रिय विमा संस्थानलाई दिइनुपर्ने बताउँछन् । उनले विमा संस्थानको स्वामित्वमा रहे स्वास्थ्य विमा कार्यक्रमलाई सुधार गर्न सकिने दावी गरे ।

स्वास्थ्य बीमा गर्नेहरुले परिवारका सदस्यका लागि बार्षिक १ लाख सम्मको बाहिरङ्ग सेवा, आकस्मिक सेवा तथा औषधि निशुल्क उपलब्ध पाउन सक्ने व्यवस्था कार्यक्रममा उल्लेख छ । पूर्ण अशक्त, अपांग अति गरिब, एचआईभी संक्रमित, कुष्ठरोगी, गम्भीर क्षयरोगी, ज्येष्ठ नागरिक र महिला स्वयंसेविका (५० प्रतिशत) प्रिमियम बापतको रकम तिरिदिने गरेको छ । सरकारले आगामी आर्थिक वर्षदेखि निजी अस्पताललाई बीमा कार्यक्रम सञ्चालन गर्न नदिने जनाएको छ । तर, निजी अस्पताललाई बीमा कार्यक्रम सञ्चालन गर्न नदिँदा सरकारी संस्थाको उपचार क्षमता बढाउनुपर्ने विज्ञहरुको भनाइ छ ।

अधिकांश सरकारी संस्थामा बीमा कार्यक्रम सञ्चालन गरिएको छ । मुख्यगरी, बिमितले औषधि तथा समयमा स्वास्थ्य सेवा नपाउनु, बीमा गरेका र बीमा नगरेका बिरामीको सेवामा विभेद हुनु, प्रथम सेवा बिन्दुबाट थप उपचारको लागि ठूला अस्पतालमा 'रिफर' गर्दा आवश्यक कागजातको व्यवस्था नहुनु जस्ता कारणले बीमा कार्यक्रमप्रति नागरिकको विश्वास घट्दो छ । बोर्डले समयमै भुक्तानी दिन नसक्दा तथा अस्पताल बढी फर्जी रकम दाबी गर्दा बीमा कार्यक्रम नै असफलताको बाटोतिर गइरहेको छ । सरकारले आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रममा गुणस्तरीय स्वास्थ्य सेवामा सबै नागरिकको पहुँच विस्तार गर्ने र स्वास्थ्य बिमालाई पुनरावलोकन गर्ने उल्लेख गरेको छ । सो नीति तथा कार्यक्रम संघीय संसदमा प्रस्तुत गर्दै प्रत्येक वडामा आधारभूत स्वास्थ्य परीक्षण तथा उपचारसहितको स्वास्थ्य केन्द्र स्थापना गर्ने बताइएको छ । साथै अशक्त, असहाय, र ज्येष्ठ नागरिकलाई घरघरमा पुगेर आधारभूत स्वास्थ्यसेवा प्रदान गर्ने भनिएको छ । त्यसर्थ सरकारको नीति तथा कार्यक्रमको कार्यान्वयनका लागि पनि स्वास्थ्य संस्थाका जनशक्तिलाई अभिमुखिकरण, क्षमता अभिवृद्धि गर्नुका साथै बीमामैत्री सेवाका लागि जिम्मेवार बनाउन आवश्यक रहेको छ । यसका साथै स्थानीय तहहरुले पनि बीमा कार्यक्रमलाई प्रभावकारी बनाउन जनस्तरबाटै जनचेतनामुलक कार्यक्रम गर्नुपर्ने देखिन्छ । एबिसी न्युजबाट


## गर्मीबाट बच्न निम्न सावधानी अपनाऔं

- प्रसस्त मात्रामा पानी खाऔं । साथमा पानीको बोतल राख्ने गरौं ।
- प्रचण्ड गर्मीमा घरबाहिर नजाऔं । जानै परे सुरक्षित भएर मात्र जाऔं ।
- गर्मीको समयमा पूरै शरीर ढाक्ने लुगा लगाऔं ।
- कागती पानी, नरिवल पानी, ताजा फलफुलको रस नियमित रुपमा सेवन गरौं ।
- हल्का रंगको सुतिको कपडा लगाऔं ।
- बालबालिकालाई १२ बजेदेखि ४ बजेसम्म सकेसम्म घरबाहिर निस्कन नदिऔं ।
- यदि बालबालिकालाई रिंगटा लागेमा, वान्ता भएमा, धेरै टाउको दुखेमा वा सास फेर्न अप्ठ्यारो भएमा तुरुन्त नजिकको अस्पताल वा स्वास्थ्य संस्था लैजाऔं ।
- बालबालिकालाई टाउको ढाकी राख्न लगाऔं, कपडा, टोपी, छाताको प्रयोग गरौं ।
- काँचै खाने फलफुल तथा अन्य कुराहरु राम्ररी धोइपखाली मात्र खाऔं ।
- गर्मीको कारण स्वास्थ्यमा कुनै समस्या देखापरे तुरुन्तै नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं ।
- गर्मीको समयमा भुलभित्र सुतौं । झ्याल ढोकामा जाली लगाऔं ।
- बासी, सडेगलेका तथा भिङ्गा भन्केका खानेकुरा नखाऔं ।
- खानेपानी सधैं छोपेर राखौं ।
- दिसापिसाब चर्पीमा मात्र गरौं ।
- घर वरिपरि सरसफाई गरी फोहरमैलाको उचित व्यवस्थापन गरौं ।
- गर्मीको बेला अत्यधिक चिसो पानी वा पेय पदार्थ नखाऔं ।

**अनुरोधकर्ता**
**खडक नगरपालिका, सप्तरी**


# विश्व समाचार

## रुसद्वारा नक्कली शत्रुको पनडुब्बी जहाजमाथि आक्रमण

भ्लादिभोस्टोक, ३० जेठ (रासस/सिन्ह्वा) ।

रुसी प्रशान्त फ्लीट जहाजको समूहले जापानको सागर र ओखोत्स्कको सागरमा सञ्चालित अभ्यासका क्रममा एउटा नक्कली शत्रुको पनडुब्बीलाई सफलतापूर्वक पत्ता लगाएर आक्रमण गरेको छ । फ्रिगेट मार्शल शापोश्निकोभ र दुई ठूला पनडुब्बी विरोधी जहाज एडमिरल ट्रिबट्स र एडमिरल पेन्टेलेभ मिलेर बनेको समूहले सिमुलेटेड पनडुब्बी रहेको शङ्कास्पद स्थानमा आक्रमण गरेर नष्ट गरेको प्रेस सेवाले जनाएको छ ।

प्यासिफिक फ्लीट कमाण्डर एडमिरल भिक्टर लिनाको नेतृत्वमा ६० भन्दा बढी युद्धपोत र सहयोगी जहाज, ३५ नौसैनिक विमान, तटीय सेना र ११,००० भन्दा बढी सैनिक सम्मिलित अभ्यास जुन ५ देखि २० सम्म हुँदैछ ।

## इजरायलद्वारा महासागर दिवसका उपलक्ष्यमा समुद्र सरसफाई कार्यक्रम

तेल अवीव, ३० जेठ, (रासस/एएनआई) ।

महासागर दिवसका सन्दर्भमा इजरायलको वातावरण संरक्षण मन्त्रालयले "स्वच्छ बिच" कार्यक्रम अन्तर्गत भूमध्यसागर र लाल सागरमा सरसफाई कार्यक्रम सञ्चालन गरेको छ । प्रकृति र पार्क प्राधिकरणको सहयोगमा इजरायल डाइभिड एसोसिएसनको "सी गार्ड" को नेतृत्वमा डाइभ पनि सञ्चालन गरिएको छ ।

गत साता जाफाको गिवात आलिया, हर्जलियाको समुद्री तट र दोर-नाचशोलिमको समुद्री तटमा भएको सरसफाई कार्यक्रममा ५५ जना गोताखोरले भाग लिएका थिए । सो सरसफाइ कार्यक्रममा प्लास्टिक, डिस्पोजेबल खाद्य प्याकेजिङ र पेय पदार्थको क्यानबाट बनेको करिब १२० किलो फोहोर संकलन गरिएको थियो ।

'क्लिन कोस्ट प्लान' इजरायलमा सञ्चालित समुद्री फोहोरको समस्यालाई सम्बोधन गर्ने राष्ट्रिय कार्य योजना हो । यो कार्यक्रमले समुद्री फोहोर र विशेष गरी प्लाष्टिक फोहोरबाट हुने खतरा रोक्नुपर्ने आवश्यकताका बारेमा सर्वसाधारणलाई जानकारी गराउँछ ।

सन् २०२३ वातावरण संरक्षण मन्त्रालयको स्वच्छ तटीय कार्यक्रमको १८ औं वर्ष हो । कार्यक्रमको उद्देश्य इजरायलमा तटीय र समुद्री फोहोरको खतरालाई न्यूनीकरण गर्नुका साथै वातावरण र जनताको हितका लागि अन्तरराष्ट्रिय प्रतिबद्धताअनुसार समुद्र तट र समुद्र सफा गर्ने कार्य गर्नु हो ।

## बगैंचाको विवादमा फ्रान्समा ११ वर्षीया बेलायती बालिकाको गोली हानी हत्या

पेरिस, ३० जेठ (रासस/एएनआई) ।

फ्रान्सको ब्रिट्नीको सेन्ट-हर्बोटमा ११ वर्षीया बेलाइती कन्याको आइतबार गोली हानी हत्या गरेको छ । सीएनएनले स्थानीय मेयरको कार्यालयलाई उद्धृत गर्दै जनाएअनुसार बगैंचामा देखिएको विवादका क्रममा उनको छिमेकीले गोली हानेको हो । आक्रमणमा उनका आमाबुवा गम्भीर घाइते भएका छन् ।

उनकी आठ वर्षीया बहिनी भने भागेकी थिइन् । उनको परिवार बगैंचामा बसेको बेला ७१ वर्षीय डच छिमेकी बन्दुक लिएर आक्रमण गर्न आएको बताइएको छ । घटनामा ११ वर्षीया बालिका मृत अवस्थामा फेला परेको र आमा बाबुलाई गम्भी चोट लागेको थियो । घटनाको एक घण्टा पछि आक्रमणकारीले आत्मसमर्पण गरेको प्रहरीले जनाएको छ ।

प्लोनेभेज-डु-फाउ रेजिन गुइलोटको टाउन हलका कर्मचारीका अनुसार बगैंचाको सिमानामा रहेका रूख काट्ने विषयमा असहमतिका कारण गोली हानाहान भएको हो ।

## मुम्बईमा समुन्द्रमा डुबेर दुई जनाको मृत्यु, दुई जना बेपत्ता

नयाँदिल्ली, ३० जेठ (रासस/सिन्ह्वा) ।

भारतको दक्षिणपश्चिमी राज्य महाराष्ट्रको राजधानी मुम्बईमा समुन्द्रमा डुबेर दुई बालकको मृत्यु भएको छ भने अन्य दुई जना बेपत्ता भएका छन् । करिब १२ देखि वर्षका केटा शहरको जुहु समुद्र तटमा लाइफगार्डको कललाई बेवास्ता गर्दै पुगेको बताइएको छ ।

केटा किनारबाट करिब आधा किलोमिटर पुगेको एक स्थानीय सरकारी अधिकारीले बताएका छन् । उद्धारकर्ताले दुई केटाहरू फेला पारी र कुपर अस्पताल पुर्‍याइएको तर डाक्टरले उनीहरूलाई मृत घोषित गरेक थिए । त्यसैगरी अन्य दुईजना बेपत्ता भएका डुबेको हुनसक्ने अनुमान गरिएको छ । घटना लगत्तै स्थानीय मछुवा र दमकलका उद्धारकर्ताले बालकको खोजीकार्य शुरु गरेका थिए ।

चक्रवात विपरजोय अरब सागरमा तीव्र बन्दै गएपछि मुम्बईको तटीय क्षेत्रमा आँधी चलिरहेको बेला उक्त घटना भएको हो । स्थानीय अधिकारीले पहिले नै सर्वसाधारण र माछा मार्नेलाई समुद्रमा जान नदिन चेतावनी दिएका थिए ।

# प्रिमियर लिगमा राजबिराज वडा नं. ३ र लायन्स टिम बिजयी




**दैनिक समाचारदाता**
**राजविराज, ३० जेठ।**

राजविराज प्रिमियर लिगको पाँचौं संस्करणको वडास्तरिय खेलमा लायन्स र राजबिराज वडा नं. ३ बिजयी भएका छन्।

मंगलवार सम्पन्न दुई वटा खेलमा राजबिराज ३ ले तिलाठीलाई ९८ रनले तथा लायन्स क्रिकेट टिमले बरहीलाई २८ रनले पराजित गर्दै बिजय भएको हो।

तिलाठी र राजबिराज ३ बिच खेलमा राजबिराजले टस जितेर २० ओभरमा ९ विकेट गुमाएर १ सय ९१ रनको योगफल खडा गरेको थियो भने प्रतिउत्तरमा तिलाठीले १९ ओभर २ बलमा सबै बिकेट गुमाई ९३ मात्र बनाउन सक्यो। उक्त खेलको म्यान अफ दि प्लेयर रोबिन सिंह घोषित भए।

यसैगरी लायन्स र बरही टिम बिच भएको दोस्रो खेलमा लायन्सले निर्धारित ५ ओभरमा २ बिकेट गुमाई ७० रनको योगफल बनाएको थियो भने प्रतिउत्तरमा बरहीले ४ ओभरमा ४२ रन मात्र बनाउन सकेको थियो।

खेलको म्यान अफ दि प्लेयर अमित यादव घोषित भएका थिए भने दुबै खेलका पुरस्कृत खेलाडीलाई सप्तरी क्रिकेटका उपाध्यक्ष धर्मेन्द्र चौधरी र लायन्स कल्वका संस्थापक संजय सिंह कार्कीले कप प्रदान गरेका थिए।

### बोक्सीको आरोपमा ...

कविता र उनका परिवारजन भने पूर्ण सन्तुष्ट छैनन्। पीडकको कुटपिटबाट सासु महामेघा, जेठानी लक्ष्मीदेवी मिश्र, भतिजा पारष मिश्र घाइते भएको र उपचारमै ३५ हजार खर्च भएको सुनाउँदै उनले भनिन्, "सोही अनुसारको सजाय र जरिवाना तोक्न नसकेको देखियो।"

छिमेकी रामकुमारको घरमा कुनै समस्या पर्दा मलाई नै आरोप लगाउँथे, उनले भनिन् "सहन नसक्ने र कुटपिटमै उत्रिएपछि अदालतमा पुगेको हुँ।" अदालतको फैसलाबाट राहत त मिल्यो, तर, पुरा न्याय नपाएको उनको गुनासो छ।

बोक्सीको आरोप र कसुर सजाय ऐन २०७२ को दफा ३ (१ को क) मा अभियोगमा सो कसुरमा ६ महिनादेखी २ वर्षसम्म कैद र ५ हजार देखी २० हजारसम्म जरिवाना तथा सोही दफाको (ख) मा बोक्सीको आरोप लगाई कसुर गर्ने व्यक्तिलाई १ वर्षदेखी ३ वर्षसम्म कैद र १० हजारदेखी ३० हजार रुँपैयासम्म जरिवाना हुन सक्ने व्यवस्था छ।

# कांग्रेसद्वारा जनकपुरधामका मेयर माथिको कारबाही फुकुवा

महेन्द्रनगर धनुषा, ३० जेठ (रासस)।

नेपाली कांग्रेसको केन्द्रीय अनुशासन समितिले जनकपुरधाम उपमहानगरपालिकाका मेयर मनोजकुमार साहमाथिको कारबाही फुकुवा गरेको छ। साहको कांग्रेसभित्रको साविकको पदलाई निरन्तरता दिँदै कारबाही फुकुवा गरिएको हो।

स्थानीय तह निर्वाचन २०७९ मा पार्टीका तर्फबाट विद्रोही भएका उम्मेदवार, उनका प्रस्तावक र समर्थकलाई कांग्रेस पार्टीको विधान २०१७ (संशोधनसहित) धारा ३४ बमोजिम साधारण सदस्यसमेत नरहने गरी पार्टीले कारबाही गरेको थियो।

साहले पुनः पार्टीमा रही हिजोका आफ्ना गतिविधिलाई आत्मसात् गर्दै पार्टीको आदर्श, सिद्धान्त र उद्देश्यअनुसार क्रियाशील रहने गरी सोमबार निवेदन दिई पार्टीमै रहने प्रतिबद्धता व्यक्त गरेकाले कांग्रेस केन्द्रीय कार्यसमितिले अनुमोदन गर्नेगरी उहाँको साविकको पदलाई निरन्तरता दिँदै कारबाही फुकुवा गरिएको केन्द्रीय अनुशासन समितिका संयोजक आनन्दप्रसाद ढुङ्गानाले बताउनुभयो।

साह यसअघि कांग्रेसको जनकपुरधाम नगर सभापति हुनुहुन्थ्यो। साहले स्थानीय तहको निर्वाचनका क्रममा ९ वैशाख २०७९ मा नगर सभापति पदबाट राजीनामा दिएर स्वतन्त्र उम्मेदवारी दिनुभएको थियो। उहाँको प्रस्तावकमा नन्दलाल साह र समर्थक रामप्रसाद पजियार हुनुहुन्छ। निर्वाचनका दौरान गठबन्धनले जनकपुरधाम जनता समाजवादी पार्टीलाई दिने निर्णय गरेपछि असन्तुष्ट जनाउँदै साहले कांग्रेस परित्याग गर्दै नगर प्रमुखमा स्वतन्त्र उम्मेदवारी दर्ता गराएका थिए।

# कारण देखाउ आदेश

काठमाडौँ, ३० जेठ (रासस)।

सर्वोच्च अदालतले सशस्त्र संघर्षमा संलग्न कम उमेरका सैनिकको व्यवस्थापनका विषयमा उचित निर्णय नगर्नुका कारण देखाउन आदेश दिएको छ।

न्यायाधीश सपना प्रधान मल्लको एकल इजलासले सो विषयमा कारण देखाउन नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' र तत्कालीन नेता डा बाबुराम भट्टराईका विरुद्धमा आदेश दिएको हो।

अदालतले सो मुद्दामा अग्राधिकार हुने आदेशसमेत जारी गरेको छ। तत्कालीन नेकपा (माओवादी)को नेतृत्वमा भएको सशस्त्र सङ्घर्षमा भाग लिएका कम उमेरका सैनिकलाई अयोग्य ठहर गरेर शिविरबाट बाहिर निकालिएको थियो।

त्यस निर्णयबाट आफूहरूको व्यवस्थापन नभएको भन्दै अयोग्य लडाकुका रूपमा लेलिन विष्टलगायतले मुद्दा दायर गर्नुभएको थियो।

# समायोजन हुन इच्छुक क्यापसलाई निवेदन पेस गर्न त्रिविको आग्रह

काठमाडौँ, ३० जेठ (रासस)।

त्रिभुवन विश्वविद्यालयले समायोजन हुन इच्छुक क्यापसलाई निवेदन पेस गर्न आग्रह गरेको छ।

सम्बन्धन प्रदत्त दुई वा दुईभन्दा बढी क्याम्पस पूर्णरुपले एक आपसमा गाभिई समायोजन हुन चाहेमा यही असार मसान्तसम्म योजना निर्देशनालयमा निवेदन पेस गर्न आग्रह गरेको हो।

त्रिविले मंगलबार सूचना जारी गर्दै सम्बन्धित इच्छुक क्याम्पसलाई सामायोजन हुन चाहने क्यापसले आफ्नो क्यापससभा वा सञ्चालक समितिबाट समायोजन हुने निर्णय गराई तोकिएको समयभित्र निवेदन पेश गर्न सूचना जारी गरेको हो।

निवेदन गर्दा दुवै क्याम्पसको बेग्लाबेग्लै निवदेन दिने, मर्ज गर्नुपर्ने औचित्य खुलेको र समाहित हुने क्याम्पस खारेज गर्ने समितिको निर्णय, सम्बन्धन पत्र, नवीकरण पत्र र अक्षयकोषको रसिदको प्रतिलिपि पेस गर्नुपर्ने सूचनामा उल्लेख गरेको छ।

# पाठ्यपुस्तक छपाइको आयव्यय सार्वजनिक गर्न माग

काठमाडौँ, ३० जेठ (रासस)।

जनक शिक्षा कर्मचारी सङ्गठनले शैक्षिक सत्र २०७९/८० को पाठ्यपुस्तक छपाइको आयव्यय हिसाब श्वेतपत्रमार्फत् यथाशीघ्र सार्वजनिक गर्न माग गरेको छ।

सङ्गठनका संयोजक जनखलाल भारतीले केन्द्रका प्रबन्ध निर्देशक अनिलकुमार झालाई ज्ञापनपत्र दिँदै शैक्षिक सत्र २०८० का लागि पाँच हजार मेट्रिक टन कागज आपूर्तिको जिम्मा लिएको नेपा हिमा प्रालिले हालसम्म आपूर्ति पूरा नगरी अन्य व्यवस्थाबाट पाठ्यपुस्तक छाप्नुपरेको र कक्षा १० को कोर्ष आउट भइसकेको पुस्तक बढी छापिएको विषयमा पनि ध्यानाकर्षण गराएको छ।

सङ्गठनले नेपालगञ्जमा प्रादेशिक प्रेस सञ्चालनका लागि आव २०८०/८१ को बजेटमा करिब रु २५ करोड रकम छुट्याइ यही आर्थिक वर्षमै सोही स्थानबाट पाठ्यपुस्तक उत्पादन गरी बिक्रीवितरणको व्यवस्था मिलाउन समेत माग गरेको छ। सङ्गठनले कर्मचारी सेवा शर्त विनियमावली सम्बन्धित निकायबाट ल्याई कर्मचारीको वृत्ति विकासका कार्य नियमित गर्न, केन्द्रका फाजिल दरबन्दीमा रहेका हाल तीन तहमा कार्यरत कर्मचारीलाई विनियमावलीको व्यवस्था अनुसार विनाशर्त चार तहमा बढुवा गर्न समेत माग गरेको छ। प्रादेशिक कार्यालयका जीर्ण भवनमध्ये आगामी आवको बजेटमा कम्तीमा प्रादेशिक कार्यालय, भरतपुर र कैलालीको धनगढी कार्यालयका भवन निर्माणका लागि बजेटमा व्यवस्था गर्नुपर्ने सङ्गठनको भनाइ छ।

विगत लामो समयदेखि पाठ्यपुस्तकको मूल्यवृद्धि नभएको र कच्चापदार्थको भाउ दोब्बर भएकाले तत्काल पाठ्यपुस्तकको मूल्यवृद्धिको पहल गर्न, केन्द्रमा बिग्रिएर थन्किएका मेसिनलाई तत्काल लिलाम प्रक्रिया अगाडि बढाउन, कागज लोड-अनलोड गर्दा लापरबाहीका कारण नोक्सान हुने अवस्था कम गर्न, केन्द्रमा अर्को पाठ्यपुस्तक भण्डारण बनाउन माग गरिएको छ।

ज्ञापनपत्र शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री, सञ्चालक समितिका अध्यक्ष एवं शिक्षा मन्त्रालयका सचिव, र सार्वजनिक संस्था कर्मचारी सङ्गठन, नेपालका अध्यक्षलाई बोधार्थ दिइएको छ।

डा. कालीप्रसाद यादव
MBBS, MD Internal Medicine (NAMS Bir Hospital, Kathmandu) NMC NO. 13203
कन्सलटेन्ट फिजिसियन
मधुमेह (चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग
हाल कार्यरत : गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
डा. रिपला आचार्य
MBBS, MD (BPKIHS) NMC NO. 19992
छाला, यौन तथा कुष्ठरोग विशेषज्ञ
डण्डीफोर, कपाल झर्ने, एलर्जीदाद, ढुसीदाद, चायापोतो तथा दागहरु, सेतोदुबी
यहाँ हरेक किसिमका छाला, नङ्ग, कपाल, ओठ, मुख तथा यौन अंगमा भएका समस्याको सफल उपचार गरिन्छ।
सम्पर्क स्थान : जय श्री कृष्ण फार्मेसी
हनुमाननगर रोड, राजविराज, ९८१९७२१५२६, ९८१७७८१९८७

पत्रकार आचारसंहिताके पालना करी
पत्रकार तथा सञ्चार माध्यमके कोनो घटनासँ सम्बन्धित समाचार प्रकाशन, प्रसारण करैतकाल घटनासङ्गे असम्बन्धित नातागोता या लगक व्यक्तिकें नाम जोडिकए मर्यादामे आँच आबएवाला या चरित्रहत्या होइबाला कोनो सामग्री प्रस्तुत नहि करु।
यौन अपराध, सामाजिक विभेद तथा घृणाक कारण उत्पन्न घटना या सन्दर्भके प्रभावित करएवालासँ सचेत रहि स्वीकृति आऽ प्रभावक मूल्याङ्कन केने बिना नाम, पत्ता आऽ पहिचान खुलएवाला समाचार, तस्बीर आ दृश्यके उत्पादन, प्रकाशन तथा प्रसारण नहि करु।
मधेश प्रदेश सरकार
आमसञ्चार प्राधिकरण

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस्। हाम्रो सेवाहरु
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५३१०९६
ipay remit
City Express Money Transfer
Best Remit Quick & Easy
Prabhu Money Transfer
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमाल रेमिट
CG Money

प्रकाशक : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), सम्पादक : अनिलकुमार अनल (९८४२८३४९१७), सहसम्पादक : दीपककुमार गुप्ता (९८४१५१३२९९), लेआउट : संजय शेखर, मुद्रण : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), इमेल : rajbirajdainik@gmail.com, वेबसाइट : rajbirajdainik.com.np